नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४१११, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: ०७८/७९
चलानी नं.: १९४१

मिति: २०७८/१२/१५

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

विषय:- लोवर न्यादी जलविद्युत आयोजना विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।

श्री हब पावर प्रा.लि.
ठेगाना: बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४१३३५४,९८५१०४०६२५

उपरोक्त विषयमा तहाँबाट प्रवर्द्धित लोवर न्यादी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्तमा निम्नानुसार कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकाले निम्नानुसार कागजात/विवरणहरु ३५ (पैतिस) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०७८/१२/०१ को निर्णयानुसार अनुरोध गरिन्छ। साथै, सम्पूर्ण प्रतिलिपिहरु notarize गरी पेश गर्नुहुन समेत अनुरोध गरिन्छ। उल्लेखित विवरणहरु तोकिएको म्याद भित्र पेश नभएमा दरखास्त उपर कारवाही गरिने छैन।

पेश गर्नुपर्ने कागजात/विवरणहरु

- आयोजनाको अध्ययन प्रतिवेदनको soft copy
- निर्माण कार्य तालिका (Construction Schedule)
- स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (soft copy सहित)
- कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्ध-पत्र तथा नियमावली
- स्थायी लेखा नंबर (PAN) दर्ता प्रमाणपत्र
- कम्पनी रजिस्ट्रारको कार्यालयबाट जारी गरिने कम्पनी अद्यावधिक भएको पत्र
- कंपनीको अद्यावधिक शेयर लगत अभिलेख र सोको soft copy workable format सहित
- अघिल्ला दुई आ.व.मध्ये कम्तिमा एक आ.व.को कर चुक्ता प्रमाणपत्र वा दाखिला गरेको प्रमाण
- उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत)
- सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवं सम्पर्क नंबर
- बहाल रहेको विद्युत् खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट वा विद्युत् खरीद बिक्रीको आशयपत्र
- परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत
- आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी
- कम्तिमा अघिल्ला दुई आर्थिक वर्षमध्ये एक आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण
- आयोजनाको विकास गर्न प्रवर्द्धक कम्पनीको शेयरमा लगानी गर्ने सम्बन्धमा कुनै स्वदेशी वा विदेशी कम्पनीसँग भएको सम्झौताको Notarized प्रति (जस्तै: MOU वा JV Agreement) तथा प्रवर्द्धक र नयाँ कम्पनीको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth (UDIN सहित)
- आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth तथा आवश्यकतानुसार तल उल्लेखित विवरण
  - ➢ आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता
  - ➢ कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता